नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मिति २०७४।०६।०२

## प्रेस विज्ञप्ति

स्थानीय तह निर्वाचनको तेस्रो चरण अन्तर्गत आज मिति २०७४ साल आश्विन २ गते प्रदेश नं. दुईका ८ जिल्लाका १३६ स्थानीय तहको निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ । संविधान कार्यान्वयनको कोसेढुङ्गाको रुपमा रहेको स्थानीय तहको यो निर्वाचनमा आम मतदाताको उत्साहपूर्ण सहभागिता रह्यो । आज भएको निर्वाचनमा करिव ७३ प्रतिशत मतदाताले मतदान गरेको प्रारम्भिक जानकारी प्राप्त भएको छ । प्रदेश नं. दुईको स्थानीय तहको निर्वाचन शान्तिपूर्ण र निर्वाध रुपमा सम्पन्न हुनु आफैमा ऐतिहासिक परिघटना हो । प्रदेश नं. दुईको निर्वाचन सम्पन्न भए सँगै सबै स्थानीय तहको निर्वाचन सम्पन्न हुनु संविधान कार्यान्वयनका दिशामा सर्वाधिक महत्वपूर्ण उपलब्धि हो ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन सुरक्षा योजना निर्माण गरी प्रभावकारी र समन्वयात्मक रुपमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मीहरुको परिचालन गरिएको थियो । निर्वाचनको क्रममा भरपर्दो र विश्वासनीय सुरक्षा व्यवस्था मिलाइएको कारण जनताले पूर्ण सुरक्षाको अनुभूतिका साथ निर्भिकतापूर्वक स्वतन्त्र वातावरणमा मतदान गर्ने आ-आफ्नो संवैधानिक हक अधिकारलाई मर्यादापूर्वक प्रयोग गरी निर्वाचन सम्वन्धी कार्य सफल हुनु आफैमा सुखद पक्ष रहेको छ ।

स्थानीय तहको यस चरणको निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगबाट निर्वाह भएको व्यवस्थापकीय नेतृत्व र सर्वोपरी भूमिकाको लागि आयोगप्रति मन्त्रालय हार्दिक आभार व्यक्त गर्दछ । साथै निर्वाचनको यस प्रक्रियामा संलग्न सम्पूर्ण आदरणीय मतदाता, उम्मेदवार, राजनीतिक दलका नेतृत्व गण तथा कार्यकर्ता, निर्वाचनमा संलग्न राष्ट्रसेवक कर्मचारीहरु, चारैवटा सुरक्षा निकायका सुरक्षाकर्मीहरु, पर्यवेक्षक, सञ्चारमाध्यमहरु तथा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग एवं योगदान गर्नुहुने सबै प्रति गृह मन्त्रालय हार्दिक आभार प्रकट गर्दछ ।

०७४।६।२
(रामकृष्ण सुवेदी)
सह सचिव/प्रवक्ता